नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।


पत्र संख्या :-

च.नं. :-

## प्रेस विज्ञप्ति

मुलुकमा शान्ति, सुशासन, नवप्रवर्तन, वैज्ञानिक खोज, अनुसन्धान तथा विकासको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने प्रतिभाशाली व्यक्तिलाई प्रोत्साहन गरी पुरस्कृत गर्ने नीति अनुरुप नेपाल सरकारको मिति २०७६/०५/३१ को निर्णयानुसार पुरस्कृत हुनुभएका महानुभावहरूलाई आज एक समारोहका बीच सम्मानपत्र सहित सम्माननीय राष्ट्रपतिज्यूबाट पुरस्कार वितरण कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा यस कार्यालयका सचिव श्री अनिल कुमार ठाकुरले स्वागत मन्तव्य राख्नुका साथै प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार तथा अनुदान सहयोग छनोट प्रक्रियाको बारेमा संक्षिप्त जानकारी दिनुभएको थियो।

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार- २०७५ बाट नेत्र चिकित्साको क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा ख्याति प्राप्त डा. सन्दुक रुइटलाई नगद रु.पाँच लाख सहित सम्मान प्रदान गर्नुभएको थियो। उक्त अवसरमा सम्माननीय राष्ट्रपतिज्यूले कृषिको आधुनिकीकरण र यान्त्रिकरण गर्न योगदान पुऱ्याउने लमजुङका रदि मियां र सोलार स्कुटर, ट्राफिक मास्क र मादक पदार्थ सेवन गरी मोटरसाईकल चलाएमा स्टार्ट स्वतःबन्द हुने प्रविधिको आविष्कार गर्ने तनहुँका विकल्प ढुङ्गानालाई जनही दुई लाख पचास हजारका दरले प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार तथा अनुदान सहयोग प्रदान गर्नुभयो । पुरस्कृत हुने तीनै जनालाई बधाई दिंदै सम्माननीय राष्ट्रपतिज्यूले नवप्रवर्तन, वैज्ञानिक खोज र अनुसन्धान जस्ता सिर्जनात्मक क्षेत्रलाई उच्च प्राथमिकता दिई समृद्ध नेपाल निर्माण गर्ने दिशामा नेपाल सरकारले गर्दै आएको प्रयासको सहाना गर्नुभयो ।

कार्यक्रममा नेपाल सरकारका मन्त्रीज्यूहरु, संवैधानिक निकायका प्रमुखज्यूहरु, विभिन्न मन्त्रालयका सचिवज्यूहरु, विश्वविद्यालयका उपकुलपतिज्यूहरू, सुरक्षा निकायका प्रमुखज्यू एवं विभिन्न क्षेत्रका व्यक्तिहरुको उपस्थिति रहेको थियो। कार्यक्रममा डा. सन्दुक रुइटले छोटो मन्तव्य दिंदै नेपाल सरकार, तिलगंगा आँखा प्रतिष्ठान परिवार एवम् सबैमा आभार व्यक्त गर्नुभयो।

कार्यक्रममा माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री ईश्वर पोखरेलज्यूले प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कारबाट सम्मानित तथा पुरस्कृत हुने डा. सन्दुक रूइट र प्रधानमन्त्री राष्ट्रिय प्रतिभा अनुदान सहयोगबाट सम्मानित हुने श्री रदि मियां तथा श्री विकल्प ढुङ्गानाको योगदानको चर्चा गर्नुहुँदै वधाई ज्ञापन गर्नुभएको थियो। उहाँले यस प्रकारका कार्यक्रमबाट युवा प्रतिभालाई भविष्यमा नवप्रवर्तन, वैज्ञानिक खोज तथा अनुसन्धानको क्षेत्रमा लाग्न हौसला र प्रोत्साहन मिल्ने कुरामा जोड दिंदै कार्यक्रममा सहभागी सबैलाई धन्यबाद ज्ञापन गर्नुभएको थियो।

मितिः २०७६ असोज ५

यमलाल भूसाल
प्रवक्ता


टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np